आज मिति २०७८।१२।०६ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गादत्त ओझा ज्यू को अध्यक्षतामा बसेको गाउँ कार्यपालिका को बैठकमा तपसील अनुसारको उपस्थितिमा छलफल गरि निर्णय गरियो।

तपसील

१. श्री दुर्गादत्त ओझा - अध्यक्ष
२. श्री जमुना बोहरा - उपाध्यक्ष
३. श्री भजन सिंह मल्ल - १ नं. वडाध्यक्ष
४. श्री दिनेश कुमार मल्ल - ३ नं. वडाध्यक्ष
५. श्री नन्द राज भट्ट - ४ नं. वडाध्यक्ष
६. श्री ध्वज बहादुर देउवा - ५ नं. वडाध्यक्ष
७. श्री लाल बहादुर साउँद - ६ नं. वडाध्यक्ष
८. श्री केशव नेपाली - कार्यपालिका सदस्य
९. श्री ललिता साउँद - " "
१०. श्री गौरी ओली - " "
११. श्री रविता वि.क. - " "
१२. श्री नर बहादुर वि.क. - " "
१३. श्री पम्पा थापा - " "
१४. श्री समीर भण्डारी - प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति

१५. श्री हरिदत्त पाण्डेय - नि. सु.
१६. श्री तर्कराज भट्ट - लेखापाल

प्रस्तावहरु

१. कानुनी सल्लाहकार सम्बन्धमा।
२. अध्यक्षकप रनिङ शिल्ड खेलकुद सम्बन्धमा।
३. का.स. तलब भत्ता सम्बन्धमा।
४. IEE सम्बन्धमा।
५. आर्थिक सहयोग सम्बन्धमा।
६. विविध।

निर्णय नं.१: प्रस्ताव नं. १ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेश कैलाली बाट स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७८ को दफा १५ को अधिनमा रही जोरायल गा.पा. ३ बस्ने श्री कल्पना कुमारी भट्टलाई यस गाउँपालिकाको कानुनी सल्लाहकार नियुक्ती गर्ने निर्णय गरियो।

Scanned by CamScanner

निर्णय नं.२: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत अध्यक्षकप लगायत खेलकुद प्रतियोगिता अध्यक्ष कप रनिङ, शिल्ड प्रतियोगिता सञ्चालनको सम्पूर्ण जिम्मेवारी युनिक यूथ स्पोर्ट्स क्लबलाई दिने र सो का लागि सोही शीर्षकमा विनियोजित रकममध्ये रु. ३,०३,९७०।- रकम विनियोजन गर्ने सो को लागि आवश्यक समन्वय गरिदिन ६ वटै वडा कार्यालयहरुलाई पत्राचार ~~गर्ने~~ गर्ने निर्णय गरियो।

निर्णय नं.३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा जोरायल गाउँपालिका ३ नं. वडा प्राथमिक स्वास्थ्य केन्द्र सरस्वतीनगरमा कार्यरत का.सं. विक्रम भट्टको स्वाविकमा त.भ. १३००० रहेको चैत्र महिनादेखि प्रचलित स्केल अनुसार त.भ. भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको २ नं. वडा अन्तर्गत पर्ने कमला नदी र ६ नं. वडा अन्तर्गत गावरमा ढुङ्गा, गिटी, बालुवा उत्खननका लागि IEE गर्ने निर्णय गरियो।

निर्णय नं.५: प्रस्ताव नं.५ माथि छलफल गर्दा डोटी उद्योग वाणिज्य संघ र डोटी चेम्बर अफ कमर्शलाई विविध खर्च शीर्षकबाट रु ५०/५० हजारका दरले आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय: ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माणको ठेक्का र अफिस Quarter Building ठेक्का बहुवर्षीय बनाउने निर्णय गरियो।

निर्णय नं.७: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सामुदायिक मेलमिलाप सम्बन्धी आधारभूत तालिम लिएको मेलमिलापकर्ता सूचीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.८: प्रस्ताव नं. ६ माथि छलफल गर्दा जोरायल गा.पा. ४ नं. वडा अन्तर्गत प्रतिसेफ नेपाल र गा.पा. संयुक्त लगानीमा सञ्चालन भई रहेको खैजाड खानेपानी योजनाको contingency बाट ४ नं. वडाको पूर्ण सरसफाई तथा बालमैत्री वडा घोषणाको लागि रु १ लाख ~~२८~~ २८ हजार खर्च तपसिलका शीर्षकमा खर्च गर्ने निर्णय गरियो।

तपसील

१. बालमैत्री गीत रेकर्डिङ - रु ४८०००/-
२. १० जनालाई ३ हजारका दरले शौचालय अनुदान - रु ३०,०००/-
३. पूर्ण सरसफाई वडा घोषणा कार्यक्रम - ५० हजार।

Scanned by CamScanner

निर्णय नं. ९: जोरायल गा.पा. ६ नं. वडा अन्तर्गत मिति २०७८/११/०७ सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली ज्यू को स्वागत गेट निर्माण खर्च भएको रु १०,०००/- गा.पा. को विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १०: गाउँपालिकाबाट विद्यालयहरूलाई शिक्षक अनुदान सम्बन्धी कार्यविधि २०७८ र पूर्व प्राथमिक कक्षा स्थापना अनुदान तथा शिक्षक (सहजकर्ता) छनौट सम्बन्धी कार्यविधि २०७८ पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ११: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको महिला तथा बालबालिका सहयोग कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत समीर भण्डारी र लेखापाल तर्केश ज भट्टको संयुक्त दस्तखतबाट कृषि विकास बैंक शाखा कार्यालय जोरायलमा गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय डोटी संग सिफारिस माग गर्ने निर्णय गरियो।